हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
प्रदेश नं. १, नेपाल

करारमा पदपुर्ति गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७९/०५/०८**

यस हरिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गत कामकाजका लागि तपसिल बमोजिमको पदहरुमा सेवा करारमा कर्मचारीहरु पदपुर्ति गर्नु पर्ने भएकोले तोकिएको आवश्यक योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रितपुर्वकको दरखास्त पेश गर्न हुन यो दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क.स. | विज्ञापन नं. | पद/तह | सेवा | समूह | माग संख्या | न्युन्तम शैक्षिक योग्यता | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | भेटनरी डाक्टर/ छैठौं | कृषि | ला.पा.डे.डे | १ (एक) जना | १. मान्यता प्राप्त शैक्षिक संस्थाबाट B.V.Sc. and A.H. वा सो सरह । २. सम्बन्धित काउन्सीलमा दर्ता र नविकरण भएको । | लिखित र अन्तरवार्ता |
| २. | ०२/२०७९/०८० | कृषि अधिकृत/ छैठौं तह | कृषि | एग्रोनोमी | १ (एक) जना | १.मान्यताप्राप्त शैक्षिक संस्थाबाट B.Sc.Ag. गरेको । | लिखित र अन्तरवार्ता |
| ३ | ०३/२०७९/०८० | मेडिकल अधिकृत (आठौतह) | स्वास्थ्य | ज.हे.स. | १ (एक) जना | १. मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तिमा MBBS उतीर्ण गरी सम्बन्धित परिषद वा (Medical council) मा दर्ता तथा नविकरण भएको हुनु पर्ने छ । | लिखित र अन्तरवार्ता |

**१) दरखास्त दिने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, हरिनगरा, सुनसरी ।
**२) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, नेपाल मेडिकल काउन्सिल/सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, विदेशमा अध्ययन गरेको भए समकक्षताको प्रमाणित प्रतिलिपि ।
**३) दरखास्त दस्तुर बुझाउने स्थान :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय, राजस्व शाखा, हरिनगरा, सुनसरी ।
**४) दरखास्त फाराम :** हरिनगर गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखा हरिनगरा, सुनसरी वा हरिनगर गाउँपालिकाको वेबसाइट www.harinagaramun.gov.np बाट प्राप्त गर्न सकिने छ ।
**५) दरखास्त दिने अन्तिम मिति :** २०७९/०५/२२ र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समयसम्म ।
**६) दरखास्त फाराम दस्तुर :** (क)मेडिकल अधिकृतका लागि रु.१५००।-, (ख) भेटनरी डाक्टर र कृषि स्नातकका लागि रु. १२००।-
**७) उमेद्वारको उमेर हद तथा अन्य योग्यता:**

- विज्ञापन नं. १ र २ का लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।
- विज्ञापन नं. ३ का लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।
- अन्य प्रचलित कानुनद्धारा अयोग्य नठहरिएको हुनुपर्ने छ ।

**८) पाठ्यक्रम:** सम्वन्धित पदका लागि लोक सेवा आयोगबाट निर्धारण गरिएको पाठ्यक्रम वमोजिम हुनेछ ।

**९) पारिश्रमिक :**

- मेडिकल अधिकृतका लागि आठौं तह वा सो सरह हुनेछ ।
- भेटनरी डाक्टर र कृषि अधिकृतका लागि नेपाल सरकारको रा.प.तृतीय श्रेणी वा सो सरहको शुरु तलब स्केल वमोजिम हुनेछ ।
- अन्य सेवा सुविधा करार सम्झौता वमोजिम हुनेछ ।

**१०) कामगर्नु पर्ने अवधि :** आ.व. ०७९।०८० का लागि हुनेछ । सो पश्चात कार्यालयको आवश्यकता र उमेद्वारको कार्य सम्पादन क्षमताका आधारमा सम्झौता अवधि थप हुन सक्नेछ । तर यही करार नियुक्तिको आधारमा पछि अस्थायी वा स्थायी नोकरीका लागि कुनै किसिमको आधार वा दावी लाग्ने छैन ।
**११) परीक्षा सञ्चालन मिति :** सम्पर्क मितिको दिन तोकिने छ । **अन्य थप जानकारीका लागि कार्यालय समयमा प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।**